# माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू समक्ष पेश गरिएको पदयात्रा पर्यटन व्यवसायलाई व्यवस्थित संचालनको लागि मन्त्रालयको तर्फबाट तत्काल नीतिगत संशोधन गरी लागू गरिनु पर्ने विषयवस्तुहरु :

## (अ) पदयात्रा चुली (Trekking Peak) हरुको सन्दर्भमा

### पृष्ठभूमि

१. विगतका दिनमा नेपाल सरकार मार्फत नेपाल पर्वतारोहण संघले आरोहण अनुमति पत्र जारी गर्दै आइरहेको पदयात्रा चुली (Trekking Peak) हरुको पदयात्रा र चुली आरोहण व्यवसायमा संलग्न रहेका ट्रेकिङ्ग कम्पनीहरुको माझमा यथोचित छलफल नै नगरी र निजी क्षेत्रको सहमति विना नै व्यवसाय, व्यवसायी र आरोही पर्यटकहरुलाई समेत असर पर्ने पदयात्रा चुली आरोहण अनुमति दस्तुरमा अत्यधिक प्रतिशतमा वृद्धि भएको,

२. उक्त नेपाल पर्वतारोहण संघद्वारा अनुमति पत्र जारी गर्दै आइरहेको ३३ वटा पदयात्रा चुलीहरु तात्कालिन प्रधानमन्त्री शुशिल कोइरालाको मन्त्रीपरिषद्को अन्तिम बैठकको निर्णयले नेपालको भरखरै जारी संविधान २०७२ अनुसार नेपाल सरकार संस्कृति, पर्यटन तगा नागरिक उड्डयन मन्त्रालय मार्फत नै राजश्व संकलन हुने गरी पर्यटन विभागबाट आरोहण अनुमति पत्र जारी गर्ने निर्णय भई कार्य अगाडि बढाइएको,

३. तर, उक्त पदयात्रा चुलीहरुको आरोहण अनुमति जारी गर्ने सम्बन्धमा पर्यटन विभागबाट अन्य हिमालहरुको आरोहण अनुमति पत्र जारी गर्दा कै जस्तै कार्यविधि अवलम्बन गरी व्यवसायीहरुलाई आरोहण अनुमति पत्र लिनको लागि अधिक कागजिय झन्झटहरु बेहोर्नु पर्ने तथा नयाँ आरोहण दस्तुर कायम गर्दाका अवस्थामा निर्णय भई आएको आरोहणमा जाने कामदार मजदुरको लागि गरिनु पर्ने आकस्मिक दुर्धटना विमा, खोज तथा उद्धार विमा लगायत औषधोपचार विमाको परिस्थितिहरुले व्यवसायी लगायत आरोहणमा जाने विदेशी आरोहीहरुलाई समेत आरोहण मूल्य अधिक बनाएको छ । यस सन्दर्भमा विगतमा ६५०० मि. सम्मका चुलीहरुलाई पदयात्रा चुली (Trekking Peak) हरु घोषणा गरिसकेको हुँदा सो पदयात्रा चुलीहरुको अनुमति पत्र जारी गर्दा पदयात्रा चुलीहरुको अधिकतम बजारीकरण गरी नेपालमा सहासिक पर्यटकहरुको संख्यामा बृद्धि गर्न र सोको लागि व्यवसायी कम्पनीहरुलाई अनुमति पत्र लिनको लागि सहजिकरण गर्नको लागि तत्काल देहायको नीतिगत निर्णय हुनु पर्ने आवश्यकतालाई महसुस गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत नेपाल सरकार, मन्त्री परिषदलाई अनुरोध गर्ने ।

**प्रस्तावित नीतिगत सुधारका पक्षहरु :**

(क) नेपाल सरकारको तर्फबाट हाल नेपाल पर्वतारोहण संघबाट फिर्ता लिएको ३३ वटा पदयात्रा चुलीहरु लगायत पर्यटन विभाग मार्फत आरोहण अनुमति पत्र जारी हुँदै आएको सम्पूर्ण ६५०० मि. का हिमचुलीहरुलाई पदयात्रा चुली (Trekking Peak) हरु कायम गरी आरोहण अनुमति पत्र जारी गर्ने छुट्टै कार्यविधि तयार गर्ने ।

(ख) हाल नेपाल पर्वतरोहण संघबाट फिर्ता गरिएको पदयात्रा चुली लगायत पर्यटन विभागबाट अनुमति पत्र जारी हुँदै आएको ६५०० मि. का चुलीहरुको आरोहण दस्तुरलाई तत्काल परिमार्जन गरी सबै मौसमको लागि प्रति आरोही प्रति चुली अमेरिकन डलर ७५ कायम गर्ने । अनुमति पत्र जारी गर्दाका अवस्थामा नेपाल पर्वतारोहण संघ वा प्रकृति संरक्षण कोषले अनुमति पत्र जारी गर्दाको जस्तै अनलाइन प्रविधिबाट अनुमति पत्र जारी गर्ने व्यवस्था गर्ने ।

(ग) हाल सबै हिमालहरुको आरोहणको क्रममा नेपाल सरकारले तोके अनुसार फोहर व्यवस्थापन घरौटी जम्मा गर्नु पर्ने व्यवस्था अव्यवहारिक र आरोहण पश्चात धरौटी वापत राखिएको रकम शतप्रतिशत फिर्ता दिने व्यवस्थालाई तत्काल संशोधन गरी फरक फरक उचाईको हिमालहरुको लागि लिँदै आएको धरौटीको नीतिगत अवस्थालाई तत्काल खारेज गरी पर्यटन विभाग अन्तर्गत नै वातावरण संरक्षण कोष (Environment Conservation Fund) स्थापना गरी धरौटीको सट्टामा देहाय बमोजिमको प्रत्यक्ष वातावरण शूल्क लगाउने व्यवस्था गर्ने ।

| क. सं. | हिमाल | वातावरण दस्तुर (अमेरिकन डलर) प्रति आरोही |
|---|---|---|
| १. | सगरमाथा हिमाल | १०० |
| २. | ८००० मि. भन्दा माथि | ७५ |
| ३. | ६५०१ मि. देखि ७९९९ मि. सम्म | ५० |
| ४. | ६५०० मि. सम्मको पदयात्रा चुलीहरु | २० |

(घ) नेपाल सरकार, मन्त्री परिषद्को निर्णयले जारी भएको पदयात्री सूचना व्यवस्थापन प्रणाली कार्यविधि, २०६४ (संशोधन सहित) मा व्यवस्था भएको निश्चित पदयात्रा क्षेत्रहरुको मात्र लागू हुने पदयात्रा सूचना व्यवस्था प्रणाली (Trekker's Information Management System, TIMS) लाई हरेक पदयात्रा क्षेत्रको साथै पदयात्रा चुलीहरुमा समेत लागू गरिनु पर्ने र सो वापत प्राप्त हुने अनुमति दस्तुरको हिस्साबाट नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा ट्रेकिङ्ग एजेन्सिज् एशोसिएशन अफ नेपाल (टान) ले पदयात्रामा सहभागि हुने

कामदार मजदुरहरुको लागि व्यवस्थापन गर्दै आएको आकस्मिक दुर्घटना विमा, खोज तथा उद्धार कार्य लगायत औषधोपचार खर्च पदयात्रा चुलीहरुको सन्दर्भमा समेत व्यवस्थापन गर्न सकिने हुँदा पर्यटन विभागबाट जारी हुने पदयात्रा चुलीहरुको अनुमति पत्र लिने सन्बन्धमा विभिन्न शिर्षकको विमाको कागजात पेश गर्नु पर्ने कागजिय झण्झटको सट्टा सम्बन्धित चुलीको लागि तोकिएको आरोही दलको नाममा टानबाट जारी टिम्स कार्ड सक्कल प्रति सहितको टिम्सको छाँया प्रति र सिफरिस पत्र पेश गर्ने व्यवस्था लागू गर्ने । यस अलवा व्यवसाय संचालन कम्पनीहरुलाई यस सम्बन्धमा कवुलियतनामा गराउन सकिने ।

(ङ) उपरोक्त बमोजिमको सबै पदयात्रा चुलीहरु आरोहण संचालनको सहजतालाई मध्यनजर गरी सोको लागि सम्पर्क अधिकृत पठाउने व्यवस्था खारेज गर्ने । साथै अन्य हिमालको संदर्भमा एक हिमाल एक सम्पर्क अधिकृत समुहको व्यवस्था लागू गर्ने र सम्पर्क अधिकृतको लागि निश्चित पारिश्रमिक तोकि विभाग मार्फत नै व्यवस्थापन गर्ने ।

(च) उक्त तोकिएको सबै पदयात्रा चुलीहरुको लागि आरोही ब्रिफिङ्ग गर्ने प्रावधानलाई खारेज गर्ने ।

(छ) सगरमाथा आरोहको लागि उमेरको हद १६ देखि ७५ वर्ष गरिनु पर्ने ।

(ज) सगरमाथा आरोहणको सन्दर्भमा अस्वभाविक र अनावश्यक ढंगले व्यक्तिपरक भई विश्व कीतिृमानी कायम गर्ने होड चलेको र यसको कारणले सगरमाथा आरोहणको विद्यमान अवस्थामा नै आँच आउने परिस्थिति सिर्जना भएको पक्षलाई मध्यनजर गरी आगामि दिनदेखि अन्ध, अपाङ्ग (शारिरीक रुपमा अशक्त) भएका व्यक्तिहरुलाई समेत सगरमाथा आरोहणमा बन्देज लगाउने ।

(झ) आगामि दिनमा सगरमाथा आरोहणको अनुमति दिँदा स्वदेशी तथा विदेशी जो कोही आरोहीहरुले पनि कम्तिमा पनि ६००१ मि. भन्दा अग्ला विश्वका कुनै पनि हिमाल आरोहण गरेको प्रमाण पेश गर्नु पर्ने ।

(ञ) सन् २०१५ को लागि जारी गरिएका पर्वतारोहण अनुमतीहरु सन् २०१६ वा २०१७ मा समेत मान्य हुने गरी मान्यता अवधि बढाउने व्यवस्था गरिनु पर्ने ।

## (आ) निषेधित तथा नियन्त्रित क्षेत्रहरुको सदर्भमा :

१. निषेधित तथा नियन्त्रित क्षेत्रहरु मध्ये माथिल्लो डोल्पा र माथिल्लो मुस्ताङ्गको अनुमति वापत अमेरिकन डलर २५० गर्ने (विकास समितिको पोखरा घोषणा पत्रले समेत अमेरिकन डलर १०० प्रस्तावित गरेको तर समयसापेक्षताको लागि राजश्वको समानुपातिक निर्क्यौल गरिने पर्ने) । सो निषेधित र नियन्त्रित क्षेत्रहरुमा पदयात्रा अनुमति पत्र जारी गर्दा हालको कम्तिमा पनि दुई जना विदेशी पदयात्री हुन पर्ने वाध्यात्मक परिस्थितिलाई हटाई एक जना विदेशी पदयात्रीले पनि अनुमति पत्र लिन पाउने व्यवस्था कायम गर्ने ।

(पुनश्चः अहिलेको दुई जना हुनु पर्ने वाध्यात्मक परिस्थितिमा पनि केही कम्पनीहरुले राहदानीको छाँया प्रति मात्र पेश गरी दुई जनाको अनुमति पत्र लिने समेत कार्य हुँदै आएको ।)

२. मनाङ्ग जिल्लाको नार फु, गोरखाको माथिल्लो मनास्लु क्षेत्र, तल्लो डोल्पा, हुम्ला (सिमकोट, लिमी), मुगु, लामावगर (दोलखा), कञ्चनजंगा (ताप्लेजुङ्ग) क्षेत्रमा हाल लाग्दै आएको विशेष अनुमति लिनु पर्ने व्यवस्थालाई खारेज गरी अन्य सामान्य पदयात्रा क्षेत्र सरह गर्ने ।

३. उपरोक्त बमोजिमको व्यवस्था हालै देशमा गएको विनासकारी भुकम्पको कारण पर्यटन क्षेत्रमा परेको नकरात्मक प्रभावलाई न्यूनिकरण गरी पर्यटकहरुको संख्यामा वृद्धि गर्न आगामी २ वर्षको लागि मात्र गर्ने गरी ।

चन्द्र प्रसाद रिजाल
अध्यक्ष